# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० असार ४ गते

## प्राकृतिक प्रकोपबाट प्रभावितहरूको तत्काल उद्दार गर

केही दिनदेखि परेको मनसुनी वर्षाले देशको विभिन्न भागमा जनधनमाथि पुऱ्याएको क्षति र त्यसबाट उत्पन्न परिस्थितिप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यान केन्द्रित भएको छ ।

मनसुनी वर्षाले देशको विभिन्न भागमा गरी हालसम्म लगभग १० जनाको ज्यान गएको, कैलाश-मानसरोवर दर्शन गर्न गएका सयौं नेपाली तीर्थयात्री अलपत्र परेको, ठाउँ-ठाउँमा बाटोघाटो भत्किएर यातायात सेवा बन्द भएको एवम् घरगोठ बगाएको जानकारी प्राप्त भएको छ । प्राप्त जानकारीअनुसार बाढीबाट दार्चुला, कञ्चनपुर, डडेल्धुरा, हुम्ला, कालीकोट, अछाम, बैतडी, नवलपरासी, रूपन्देहीलगायतका जिल्लाहरूको जनजीवन बढी प्रभावित भएको छ ।

बाढीपहिरोबाट पीडित मानिसहरूको उद्दार, राहत र पुनःस्थापनाको व्यवस्था तत्काल सुनिश्चित गर्न आयोग सरकारसँग आग्रह गर्दछ । यसैगरी बाढीमा बेपत्ता भएकाहरूको खोजविनलगायतका आवश्यकीय कामहरूका लागि अधिकतम् रूपमा जनशक्ति परिचालन गर्न पनि आयोग सरकारसँग आग्रह गर्दछ ।

(सुवर्ण कर्माचार्य)
निमित्त सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org